# National News
# 31/3/2024

मुख्य समाचार:-

- प्रधानमन्त्रीले उन्नाइस सय चौरत्तरमा कच्चाथिवू द्वीप श्रीलंकालाई सुम्पिएकोमा कंग्रेसको गर्नुभयो आलोचना
- राष्ट्रपतिले श्री लालकृष्ण आडवाणीलाई देशको सर्वोच्च नागरिक सम्मान भारत रत्नले गर्नुभयो सम्मानित
- सी.बी.आईले आफ्नो स्थापना दिवसको अवसरमा भोली बीसऔं, डी .पी कोहली स्मारक व्याख्यानको गर्ने छ आयोजना
- सिक्किममा लोकसभा सीट र राज्य विधानसभा सीटको चुनावको लागि राजनीतिक गतिविधिहरू तीव्र
- दिल्ली पुलिसले न्यूज click पोर्टलका संस्थापक विरूद्ध गैर कानूनी गतिविधि रोकथाम अधिनियम अन्तर्गत आरोप पत्र गऱ्यो दर्ता

पीएम - कंग्रेस श्रीलङ्का

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले उन्नाइस सय चौरत्तरमा कच्चाथिवू द्वीप श्रीलंकालाई सुम्पिएकोमा कंग्रेसको आलोचना गर्नुभयो। उहाँले भन्नुभयो, कंग्रेसको पच्चतरऔँ वर्षको कार्य प्रणाली देशको एकता, अखण्डता र राष्ट्रहितलाई कमजोर गर्ने रहेको छ। प्रधानमन्त्रीको यो प्रतिक्रिया तमिलनाडुमा भारतीय जनता पार्टीका प्रमुख श्री के. अन्नामलाई द्वारा सूचनाको अधिकार अधिनियम अन्तर्गत कच्चाथिवू द्वीप बारेमा एकत्र जानकारी पछि आएको छ । श्री मोदीले सोशल मीडिया पोस्टमा भन्नुभयो,यो अचम्मको कुरा छ की कुन प्रकारले कंग्रेसले सजिलै कच्चाथिवू द्वीप श्रीलंकालाई सुम्पियो । उहाँले भन्नुभयो, कंग्रेसको यस कृत्यले देशका हर नागरिक क्षुब्ध छ र कंग्रेसमा कहिलै विश्वास गर्दैन।

भारत रत्न-आडवाणी

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले आज पूर्व उप-प्रधानमन्त्री श्री लालकृष्ण आडवाणीलाई देशको सर्वोच्च नागरिक सम्मान भारत रत्नले सम्मानित गर्नुभयो। श्री आडवाणीको आवासमा गएर उहाँलाई सम्मानित गरिएको छ। यस अवसरमा उपराष्ट्रपति श्री जगदीप धनखड़, प्रधानमन्त्री श्री नरेन्द्र मोदी, पूर्व राष्ट्रपति श्री वैनकेया नायडू, रक्षा मन्त्री श्री राजनाथ सिंह, गृहमन्त्री श्री अमित शाह र श्री आडवाणीको परिवारको उपस्थिती रहेको थियो। राष्ट्रपतिले सोशल मीडिया पोस्टमा भन्नुभयो, भारतीय राजनीतीका अग्रज श्री लालकृष्ण आडवाणीले सात दशकभन्दा अधिक समयसम्म पूर्ण समर्पणका साथ देशको सेवा गर्नुभएको छ। उन्नाइस सय

सताइससमा कराचीमा जन्म लिनुभएका श्री आडवाणी पाकिस्तान विभाजन पछि उन्नाइस सय सैतालीसमा भारत आउनु भएको थियो। राष्ट्रपतिले भन्नुभयो, श्री आडवाणीले सांस्कृतिक राष्ट्रवादलाई दृष्टिकोणले दशकसम्म कडा मेहनतले काम गर्नुभएको छ र देशको सामाजिक, आर्थिक परिदृश्यमा परिवर्तन ल्याउनु भएको छ । जब आपातकालले भारतको लोकतन्त्र खतरामा पार्‍यो, उहाँको अदम्य साहसले यसलाई सत्तावादी शक्तिबाट बचाउन सहयोग गरेको थियो।

<u>सीतारामन</u>

वित्तमन्त्री श्रीमती निर्मला सीतारामनले भन्नुभयो, अहिले वित्तीय वर्षको चौथो तिमाहीमा भारतको सकल घरेलू उत्पादमा आठ प्रतिशत भन्दा अधिकको वृद्धि रहनेछ। मुम्बईमा निवेश सम्मेलनलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, मुद्रा स्फीति प्रबन्धन अनि व्यापक आर्थिक स्थिरताका प्रभावले वित्तीय वर्ष दुई हजार तेइस चौवीसका लागी अर्थव्यवस्थामा यसै दरले वृद्धि हुने आशा छ। वित्त मन्त्रीले भन्नुभयो, भारत एशियाको तेस्रो सबैभन्दा ठूलो अर्थव्यवस्था हो । यसमा अक्टूबरदेखी दिसम्बर सम्मको तिमाहीमा आठ दशमलव चार प्रतिशतको वृद्धि रहेको छ , जो यसले पहलाको तिमाहीमा दर्ता भएको सात दशमलव छ प्रतिशतको वृद्धि भन्दा बढी थियो। उहाँले भन्नुभयो, तेस्रो तिमाहीमा आठ दशमलव चार प्रतिशतको वृद्धिको दरपछि विभिन्न आर्थिक संस्थाले भारतका लागी सकल घरेलू उत्पाद वृद्धि दर अनुमानलाई बढाएको छ ।

<u>Sikkim Political activities</u>

सिक्किमको एकमात्र लोकसभा सीट र राज्य विधानसभाका बत्तीस सीटका लागि एकसाथ हुने चुनावका निम्ति सिक्किममा राजनीतिक गतिविधिहरू तीव्र भइरहेका छन्। पहिलो चरणमा आगामी महिना उन्नाइस तारिख निर्वाचन हुने तय गरिएको छ। सत्तारुढ SKM, BJP, SDF, CAP र कांग्रेस यस चुनावी लडाइँमा मुख्य राजनीतिक दलहरू हुन्।

लोकसभा सिटका लागि भाजपाका दिनेश चन्द्र नेपाल, कांग्रेसका गोपाल क्षेत्री, एस.के.एम.का इन्द्रहाङ सुब्बा, एस.डी.एफ-का पी.डी राई, क्यापका भरत बस्नेत, सिक्किम रिपब्लिकन पार्टीका खर्गा बहादुर राई र आठ स्वतन्त्र उम्मेदवारसहित कुल चौध जना उम्मेदवार चुनावी मैदानमा छन्। त्यसै गरी, कुल बत्तीस विधानसभा सिटका लागि विभिन्न राजनीतिक दलका उम्मेदवार र स्वतन्त्र उम्मेद्वार गरी कुल एक सय छ्यालिस उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। सत्तारुढ एस.के.एम र एस.डी.एफ.-ले बत्तीस वटै सिटमा आफ्ना उम्मेदवार खडा गरेका छन् भने,

भाजपाले एकतिस सिटमा, क्यापले तीस सिटमा र कांग्रेसले अठार सिटमा उम्मेदवार खडा गरेका छन्। एस.के.एम.-बाट मुख्यमन्त्री श्री प्रेमसिंह तामाङर विधानसभा अध्यक्ष श्री अरुण कुमार उप्रेती, एस.डी.एफ-बाट पूर्व मुख्यमन्त्री श्री पवन कुमार चामलिङ र फुटबल खेलाडी श्री भाइचुङ भोटिया, बीजेपी प्रदेश एकाइका अध्यक्ष श्री डी.आर थापा र क्यापबाट श्री गणेशकुमार राई प्रमुख उम्मेदवार हुन्।

सीबीआई व्याख्यान

केन्द्रीय अन्वेक्षण ब्यूरो – सी.बी.आईले आफ्नो स्थापना दिवसको अवसरमा भोली बीसऔं, डी .पी कोहली स्मारक व्याख्यानको आयोजना गर्नेछ। भारतका मुख्य न्यायाधीश श्री डी.वाई चन्द्रचूडले भोली नयाँ दिल्लीको भारत मण्डपममा डी.पी कोहली स्मारक व्याख्यान दिनुहुनेछ। यस वर्षको विषय उन्नत आपराधिक न्याय प्रक्रियाका लागी प्रौद्योगिकीको उपयोग रहेको छ। मुख्य न्यायाधीशले यस अवसरमा सी.बी.आई अधिकारीलाई विशिष्ट सेवाका लागि राष्ट्रपति पुलिस पदक र उत्कृष्ट सेवाका लागि पुलिस पदक प्रदान गर्नुहुनेछ। केन्द्रीय अन्वेषण ब्यूरोको स्थापना एक अप्रैल उन्नाइस सय त्रिसाठ्ठीमा भएको हो। यसको उद्देश्य केवल भ्रष्टाचार र रिश्वत खोरीको मामिलाको छानबीन गर्नु नभएर वित्तीय कानूनको उल्लङ्घन अनि गम्भीर अपराधको पनि जाँच गर्नु हो । छ वर्ष भन्दा पनि अधिकको सेवा अवधीमा सी.बी.आई देशको एक प्रमुख जाँच एजेन्सीका रूपमा उदय भएको छ।

दिल्ली पुलिस - न्यूज क्लिक

दिल्ली पुलिसले न्यूज Click पोर्टल र यसका संस्थापक श्री प्रबीर पुरकायस्था का विरूद्ध गैर कानूनी गतिविधि रोकथाम अधिनियम अन्तर्गत आरोप पत्र दर्ता गरेको छ। न्यूज पोर्टललाई चीनको पक्षमा प्रचारका लागि धनराशि मिलीको आरोप छ । लगभग नौ हजार पृष्ठको आरोप पत्रमा जाँचमा विभिन्न छापामा जब्त चार सय अस्सी इलेक्ट्रोनिक उपकरणसंग सम्बन्धीत जानकारी छ। पुरकायस्थाका विरूद्ध कश्मीर र अरूणाचल प्रदेशलाई भारतको भाग नबताउनु संग सम्बन्धमा आरोप पनि छ । दिल्लीको पटियाला हाउस अदालतले सोह्र अप्रेलमा यस मामिलाको अघीलो सुनवाई निर्धारित गरेको छ ।

रोहन बोपन्ना टेनिस

भारतीय टेनिस स्टार रोहन बोपन्ना र उनक◌ा अस्ट्रेलियाई साथी मैथ्यू एबडेनले मियामी ओपनमा पुरुष डबल्सको खिताब जीत◌ेका छन् । यस जोड़ीले क्रोएशियाको इवान डोडिक र अमरीकाको अस्टिन जिसेकलाई छ-सात, छ-तीन ,दस-छ ले जितेको छ । चवालीस वर्षीय बोपन्ना, ए.टी. पी मास्टर्स खिताब जीतने सब◌ैभन्दा पुरानो ख◌ेल◌ाड़ी र सबै नौ ए.टी.पी मास्टर्स स्पर्ध◌ाको फाइनलमा पुग्ने दोस्रो भारतीय बन◌ेका छन् ।यस जीतका साथ नै उनले ए.टी.पी रैङ्किंगमा पनि शीर्ष स्थान हासिल गरेका छन्।